Curriculum Development Journal, Year 30, No. 44, 2022 A.D.
DOI: https://doi.org/10.3126/cdj.v30i44.55014

# उत्तरवर्ती नेपाली नारी–निबन्धमा नारीवादी चिन्तन

*साधना पन्त 'प्रतीक्षा'**

## लेखसार

*नेपाली साहित्यमा चालिसको दशकपछि प्रवृत्तिगत विविधता देखिएको छ । विश्वपरिवेश तथा नेपाली राजनीतिक परिवेशमा देखिएका परिवर्तनको प्रभावस्वरूप साहित्यमा पनि नवीन चिन्तनहरू देखा परेका छन् । त्यसैले यो अवधिलाई नेपाली साहित्यको उत्तरवर्ती चरण मानिएको छ । यस चरणको साहित्य विशेषगरी पहिचानमुखी पनि देखिन्छ । साहित्यका अन्य विधाहरूमा जस्तै निबन्ध विधाको पनि यो चरण पहिचानका सन्दर्भहरूका आधारमा महत्त्वपूर्ण मानिन्छ । विशेषगरी निबन्ध विधामा नारी स्रष्टाको उपस्थिति तथा उनीहरूका सिर्जनाले गति यसै अवधिमा लिएको पाइन्छ । यस अवधिका नारी निबन्धकारहरूका निबन्धहरूमा नारी अस्तित्व र पहिचान विषयले महत्त्पूर्ण स्थान लिएको सन्दर्भमा प्रस्तुत अनुसन्धानात्मक लेख तयार पारिएको हो । यसमा नारीवादी सैद्धान्तिक मान्यताका आधारमा उत्तरवर्ती नारी निबन्धहरूको विश्लेषण गरिएको छ । नारीवादी मान्यताले पितृसत्तालाई नारीउत्पीडनको मूल कारक मानेको छ । यसबाट मुक्तिका लागि स्थापित पितृसत्तात्मक मूल्यप्रति विद्रोहका साथै पहिचानको खोजी पनि नारीवादको केन्द्रमा रहेको छ । यसै सन्दर्भमा प्रस्तुत लेखमा नारीवादअन्तर्गत पितृसत्ता, नारीउत्पीडन, पहिचानको खोजी तथा विद्रोह सम्बन्धी आधारहरूको चर्चा गरिएको छ । उत्तरवर्ती चरणका नारीलिखित निबन्धहरूमा पितृसत्तात्मक उत्पीडनको प्रस्तुतिका साथै त्यसप्रतिको विद्रोह तथा पहिचानको खोजीका प्रशस्त सन्दर्भहरू रहेको निष्कर्ष पनि यस लेखमा निकालिएको छ । उत्तरवर्ती नेपाली नारी-निबन्धमा पितृसत्तात्मक उत्पीडन तथा विद्रोह र पहिचानका केकस्ता सन्दर्भ रहेका छन् भन्ने प्राज्ञिक जिज्ञासको समाधान गर्ने उद्देश्यले तयार गरिएको प्रस्तुत लेख साहित्यिक भएको हुनाले सोहीअनुरूप पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरेर तिनको विश्लेषण गरिएको छ ।*

**शब्दकुञ्जी :** *नारीउत्पीडन, पितृसत्ता, लैङ्गिक, विद्रोह, सीमान्तीकृत*

## विषयपरिचय

प्रस्तुत लेखको शीर्षक "उत्तरवर्ती नेपाली नारी-निबन्धमा नारीवादी चिन्तन" रहेको छ । यही नै यसको अध्ययनीय विषय पनि हो । यसले उत्तरवर्ती चरणको नेपाली साहित्यका नारी स्रष्टाहरूद्वारा सिर्जित निबन्धमा प्रस्तुत नारीवादी चिन्तन भन्ने बुझाउँछ । साहित्यका अन्य विधाका तुलनामा निबन्ध कान्छो

*नेपाली केन्द्रीय विभाग, कीर्तिपुर । Email: pratikshagunjan@gmail.com

विधा मानिन्छ । नेपाली साहित्यको सन्दर्भमा पनि यो विधा तुलनात्मक रूपमा अन्य विधाभन्दा पछि विकसित भएको देखिन्छ । आधुनिक कालमा निबन्धकार देवकोटाको आगमनसँगै यो विधा विधागत विशिष्टिताका साथ स्थापित भएको हो । त्यसपछि विभिन्न चरण तथा प्रवृत्तिका साथ यसले आफ्नो यात्रा अघि बढाइरहेको छ ।

नेपाली साहित्यका अन्य विधाहरूजस्तै निबन्ध विधामा पनि आरम्भमा नारी स्रष्टाको उपस्थिति देखिँदैन । नारी स्रष्टाद्वारा लेखिएको पहिलो गद्यकृति ललितत्रिपुरसुन्दरीको *राजधर्म* (१८८१) लाई मानिएको छ । त्यसको लगभग एक दशकपछि मात्र निबन्धमा नारी स्रष्टाको उपस्थिति देखिन्छ । अहिलेसम्मको जानकारीअनुसार दुर्गादेवी आचार्यणीनीलाई नेपाली निबन्धकी प्रथम नारी स्रष्टा र उनको *भार्याकर्तव्य* (१९७०)लाई नारीलिखित पहिलो निबन्धात्मक कृति मानिएको छ । यसमा परम्परागत समाजमा नारीको आदर्श र कर्तव्यलाई विषय बनाइएको छ । त्यसपछि भने लामो समय यस विधामा नारी सहभागिताको अभाव देखिएको छ । चालीसको दशकपछि मात्र यस विधामा नारी स्रष्टाको उपस्थिति उल्लेख्य बन्दै गरेको देखिन्छ । आरम्भमा उनीहरूले वैयक्तिक अनुभव-अनुभूतिलाई निबन्धको विषय बनाइएको भए पनि पछिल्लो समयका नारी-निबन्धकारहरू समसामयिक युगबोध, प्रगतिवादी दृष्टिकोण, लैङ्गिक विभेदप्रतिको आक्रोश, पितृसत्तात्मक मूल्यप्रति विद्रोह, पहिचानको खोजी आदिजस्ता प्रवृत्तिहरूका साथ उपस्थित भएका देखिन्छन् । यसै सन्दर्भमा उत्तरवर्ती नेपाली निबन्धका नारी स्रष्टाद्वारा सिर्जिएका निबन्धहरूमा अभिव्यक्त नारीवादी चिन्तनको निरूपणका लागि प्रस्तुत अनुसन्धान कार्य गरिएको छ ।

पाश्चात्य जगत्मा नारी स्वतन्त्रता र अधिकारसम्बन्धी आन्दोलनसँगै साहित्यमा स्थापित नारीवादी चिन्तन नेपाली साहित्यमा भित्रिएपछि यसले निबन्ध विधामा पनि आफ्नो उपस्थिति देखाएको छ । नारी स्रष्टाका निबन्धहरूमा नारीवादी चिन्तनको राम्रो अभिव्यक्ति देखिन्छ । नारीवादी चिन्तनले साहित्यमा नारीलाई केन्द्रमा राखेर हेर्दछ अनि त्यहाँ उनीहरूलाई दिइएको भूमिकाको खोजी गर्दछ । नारीलाई कृतिभित्र कसरी प्रस्तुत गरिएको छ र कसरी प्रस्तुत गर्नुपर्ने हो भन्ने कुरा नारीवादी चिन्तनको सरोकार हो । समाजमा नारीको अवस्था, उनीहरूले भेल्ने उत्पीडन, उनीहरूद्वारा गरिएको विद्रोह एवम् पहिचानको खोजी आदि विषय नारीवादी साहित्यमा हुन्छ । उत्तरवर्ती नेपाली नारी निबन्धहरूमा पनि यसप्रकारको नारीवादी चिन्तनको अभिव्यक्ति पाइन्छ ।

उत्तरवर्ती चरणका नारीलिखित निबन्धहरूमा नारीवादी मान्यताअन्तर्गत पितृसत्तात्मक उत्पीडनको प्रस्तुति कसरी गरिएको छ, यथास्थितिप्रति विद्रोहको अभिव्यक्ति कस्तो रहेको छ र पहिचानका केकस्ता सन्दर्भहरू उठाइएका छन् भन्ने समस्याको प्राज्ञिक समाधान खोज्ने उद्देश्य यस लेखमा राखिएको छ । नेपाली निबन्धहरूको अन्य कोणबाट अध्ययन विश्लेषण गरिएको भए पनि नारीस्रष्टाका निबन्धहरूलाई नारीवादी कोणबाट अध्ययन गर्न बाँकी रहेको देखिन्छ । यही रिक्ततालाई पूरा गर्न यो लेख तयार पारिएको हो ।

## अनुसन्धान विधि तथा विश्लेषणको ढाँचा

प्रस्तुत अनुसन्धान साहित्यिक भएको हुनाले यसका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ र विश्लेषणात्मक विधिबाट ती सामग्रीलाई विश्लेषण गरिएको छ । नेपाली साहित्यको उत्तरवर्ती चरणका नारी स्रष्टाहरूद्वारा लेखिएका नारीवादी चिन्तनयुक्त निबन्ध कृतिहरूलाई आधार सामग्रीका रूपमा लिइएको छ । नारीवादी मान्यतालाई सामग्री विश्लेषणको सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । उपर्युक्त सैद्धान्तिक आधारमा नारी-निबन्ध विश्लेषणका लागि यसप्रकारको ढाँचा तय गरिएको छ–

पितृसत्तात्मक उत्पीडन
यथास्थितिप्रति विद्रोह
पहिचानको खोजी

## नारीवादी सैद्धान्तिक मान्यता

समाज विकासको प्रारम्भिक चरणमा महिला तथा पुरूष लगभग बराबरीको दर्जामा देखिन्छन् । आफ्नो समूह तथा समाजमा उनीहरूले गरेको योगदान तथा निर्वाह गरेको भूमिकाले उनीहरूको स्थान निर्धारण गरेको पाइन्छ । जङ्गली युगमा जीवन निर्वाहका लागि चाहिने वस्तुहरूको खोजीमा नारी-पुरूष दुवै थरीको समान सहभागिता हुने भए पनि त्यसको संरक्षण र वितरणको जिम्मा भने महिलाहरूमा बढी देखिन्छ । यसैका आधारमा त्यसबेलाको समाजमा पुरूषभन्दा महिलाको स्थान अलि बढी महत्त्वपूर्ण रहेको पाइन्छ ।

मार्गरेट इरेनवर्गले प्रागऐतिहासिक कालका महिलाको अवस्थाका बारेमा खोजी गर्दै भनेकी छन्– सामूहिक जीवनयापनको चरणमा महिलाहरू सन्तान उत्पादन गर्ने तथा तिनको स्याहार गर्नमा बढी समय दिन बाध्य भए । यसले गर्दा पुरूषसँगको उनीहरूको सिकार आदि सहकार्यमा कमी हुदै गयो । यसले महिला तथा पुरूषको कार्यक्षेत्र तथा समूहगत भूमिकामा भिन्नता ल्याएको देखिन्छ (इरेनवर्ग, सन् १९९२, पृ. ४०) । यसरी हेर्दा के देखिन्छ भने जुनसुकै भौगोलिक परिवेशमा भए पनि नारीको स्थान आरम्भमा उच्च रहेको थियो । समाज विकारको चरणसँगै महिलालाई दिइएको भूमिकाका कारण उनीहरूको स्थान खस्कँदै गएको हो । पुरूष आफ्नो विस्तारित र महत्त्वपूर्ण भूमिका तथा कार्यक्षेत्रका कारण शक्तिशाली बने । यसले मातृसत्तालाई विस्थापित गरेर पितृसत्ता स्थापित हुन पुग्यो ।

जबसम्म महिलाहरू उत्पादन कार्यमा संलग्न भएर उत्पादित वस्तुको वितरणमा समेत उनीहरूकै अधिकार हुन्थ्यो तबसम्म उनीहरूको भूमिका र स्थान पनि उच्च रहेको देखिन्छ । जब उत्पादन तथा वितरण कार्यबाट महिलाको भूमिका घट्न थाल्यो, उनीहरू परिवार तथा समाजको पालनपोषणका लागि महत्त्वपूर्ण अङ्ग बन्न सकेनन् । यसकारण उनीहरूको भूमिका र स्थान पहिलेका तुलनामा कमजोर देखिन थाल्यो । पाषाण-कृषि युगमा एकातिर कृषिकार्यका लागि विभिन्न प्रकारका औजार

हरूको विकास हुन गयो भने अर्कातिर ती औजार आदिद्वारा पुरुषहरूले आफ्नो बर्चस्व कायम गर्दै गए । यसबाट महिलाहरूको कार्यक्षेत्र सीमित बन्दै गयो र उनीहरू दोस्रो दर्जाका मानिस बन्दै गए ।

मानव सभ्यताको इतिहास हेर्दा प्रारम्भको जङ्गली युगमा नारी र पुरुषबिच विभेदको रेखा कोरिएको देखिँदैन । गोत्र, कविला, वर्ग, परिवार आदि हुँदै क्रमशः विकसित भएको मानव सभ्यताको विकास सँगसँगै लैङ्गिक विभेदको पनि आरम्भ र विकास हुँदै आएको देखिन्छ । एङ्गेल्सले परिवार तथा निजी स्वामित्वको अवधारणासँगै पुरुष र नारीमा मालिक र दासको स्थान निर्धारित हुँदै आएको विचार व्यक्त गरेका छन् (एङ्गेल्स, (अनु.) २०५६, पृ. ५७) । यसरी समाज विकासका ऐतिहासिक चरणहरूमा महिलाको अवस्था र स्थानबारे गरिएका सबैखाले खोजी तथा अध्ययनबाट एउटै निष्कर्ष पुग्न सकिन्छ कि जति जति समाज विकासको उत्कर्षतिर लाग्दै गयो महिलावर्गको स्थान तथा भूमिका भने अपकर्षतिर झर्न पुग्यो । प्रागऐतिहासिकता पार गरेर इतिहास वा अभिलेखको चरणमा आइपुग्दा पनि महिलाको पक्षमा इतिहास बनेको पाइँदैन । इतिहास पुरुषको मात्र बन्यो किनकि त्यो इतिहास पुरुषद्वारा रचिएको थियो । अनेक विद्वान तथा दार्शनिकहरूले स्त्रीलाई मानवभन्दा भिन्न तथा निम्न रूपमा परिभाषित गर्दै गए । जन्मदा केवल मानवका रूपमा जन्मेको भए पनि महिलालाई समाज, परम्परा अनि पुरुषसत्ताले उसको सर्वोच्चता विस्थापित गरी दोस्रो दर्जाको नागरिक बनाउँदै आएको देखिन्छ ।

अठारौँ शताब्दीको मध्यतिर अमेरिका र युरोपबाट नारी र पुरुषबिच समान अधिकारका लागि आरम्भ भएको राजनैतिक आन्दोलन नारीवादको उद्गम केन्द्र थियो । अमेरिकामा महिलाहरूले मताधिकार तथा सामाजिक समानताको माग गर्दै नारीवादी आन्दोलनको आरम्भ गरेका थिए भने युरोपमा श्रमिक महिलाहरूले पेसागत समानता र सुरक्षाका सन्दर्भमा यसलाई अघि बढाएको देखिन्छ । राजनैतिक आन्दोलन र सङ्घर्षका साथ अपेक्षित उपलब्धिहरू पनि हासिल गर्दै अघि बढिरहेको नारीवादी अभियानले क्रमशः साहित्यमा पनि प्रवेश गरेको देखिन्छ । नारीवादी साहित्य-समालोचनाका नामले परिचत नारीवादले साहित्यमा नारीको उपस्थिति, नारीलाई प्रस्तुत गर्ने दृष्टिकोण तथा प्रयुक्त भाषाको व्याख्या विश्लेषण गर्दछ । विश्वपरिवेशको राजनैतिक, आर्थिक, सांस्कृतिक परिवर्तनसँगै नारीवाद पनि एकल मान्यतामा सीमित नरहेर विभिन्न धारा-उपधारामा विभाजित हुन पुग्यो । यसै सन्दर्भमा महिला र पुरुषबिच समानताको आग्रहका साथ क्रान्तिकारी परिवर्तन नभई सुधारको अवधारणा लिएर उदार नारीवाद देखा पऱ्यो । लैङ्गिक विभेदका विरूद्ध यसले सशक्त आवाज उठाएको देखिन्छ । महिलाहरूको आर्थिक पक्षसँग सम्बद्ध भई आर्थिक स्वामित्वका सन्दर्भमा मार्क्सवादी नारीवादी धारा देखिएको छ । औधोगिक परिवेशमा पुँजीवादका विरूद्ध यस धाराको आरम्भ भएको देखिन्छ । यसैगरी क्रान्तिकारी परिवर्तनमा आस्था राख्ने महिलाहरू सुधारको अपेक्षा नभई विद्रोहका माध्यमले अधिकार प्राप्तिको विश्वासका साथ आमूल (उग्र) नारीवादी धारामा विभाजित हुन पुगे । आमूल र मार्क्सवादी नारीवादका बिचबाट समाजवादी नारीवादी धाराको उदय भयो । नारीवादले नवीन दृष्टिकोण प्रस्तुत गर्ने क्रममा यसका अनेक उपधाराहरू पनि देखा परे । लिङ्गभेदको मनोविश्लेषणात्मक व्याख्या प्रस्तुत

गर्दै मनोविश्लेषणात्मक नारीवाद देखा पऱ्यो । फ्रायड, लकान तथा अन्य मनोविश्लेषकहरूका विचारमा आधारित यस नारीवादी उपधाराले नारी पुरुषबिच रहेको विभेदको नयाँ किसिमले व्याख्या गर्दछ । यसका साथै उत्तर संरचनावादी र उत्तरआधुनिक उपधारा तथा तिनका पनि विभिन्न हाँगाबिँगामा नारीवाद फैलिइरहेको छ ।

युगौँदेखि समाजमा स्थापित पितृसत्ताका कारण महिलाहरू उत्पीडनमा रहेको मान्यताका साथ त्यसबाट उन्मुक्तिको प्रयासस्वरूप नारीवादी चिन्तनको आरम्भ भएको देखिन्छ । एन्गेल्सले परिवार, निजी स्वामित्व तथा एकनिष्ठ विवाहको अवधारणा विकास भए पछि मातृसत्ताको पूर्णतः अन्त्य भई पितृसत्ता स्थापित हुन पुगेको विचार व्यक्त गर्दै भनेका छन्– आदिम कालमा व्यापक रूपमा फैलिएको स्त्रीसत्ताको भौतिक आधार साम्यवादी कुटुम्ब समुदाय हो, जसमा सबैजसो स्त्रीहरू एउटै गोत्रका हुन्थे र पुरुषहरू अन्य विभिन्न गोत्रबाट आउँथे (एङ्गेल्स (अनु.), २०५६, पृ. ५९) । मातृसत्ता अर्थात् महिलाको महत स्थान त्यतिबेलासम्म कायम रह्यो जबसम्म नारी वंशानुसारको गोत्र परम्परा अस्तित्वमा थियो । जब आर्थिक स्वामित्व अर्थात् सम्पत्तिको अवधारणा विकास भयो तब उत्तराधिकार मातृवंशबाट पितृवंशतिर उन्मुख हुन पुग्यो । मातृवंशानुक्रम अनुसार उत्तराधिकार प्रदान गर्ने प्रथा हटाएर पितृवंशानुक्रमअनुसार उत्तराधिकार प्रदान गर्ने प्रथाको आरम्भले मातृसत्ताको अन्त्य गरेको धारण उनले राखेका छन् ।

पितृसत्ता स्थापित हुनु पुरुषको नारीमाथिको विजय ठहरियो । पितृसत्ता जति जति सबल बन्दै गयो, महिलाप्रति त्यो त्यति नै अनुदार पनि देखिएको धारणा सिमोन दि बुभायरले प्रस्तुत गरेकी छन्– सन्तानको जन्मको श्रेय आमालाई भन्दा बढी पुरुषको शुक्राणुलाई दिनासाथ नै परिवार र कविलामाथिको नारीको सहज अधिकार समाप्त हुनाका साथै पुरुषले अति चलाखीपूर्वक नारीलाई सम्पत्ति र सत्ताको उत्तराधिकारबाट वञ्चित गरायो । त्यसैले ऊ पहिले पिताको अनि पछि पतिको अधीनको वस्तुसरह बन्न पुगी (बुभायर, सन् १९५६, पृ. १०६-१०७) । पितृसत्ताभित्र सिर्जित लैङ्गिक विभेदका कारण महिला सामाजिक/सांस्कृतिक एवम् यौनिक उत्पीडनमा रहेका देखिन्छन् ।

महिलाको समान अधिकारको नारा लिएर नारीवादी आन्दोलनका क्रममा देखिएको पहिलो धारा उदार नारीवादले पितृसत्तात्मक सामाजिक संरचनामा सुधारको अपेक्षा राख्दछ । आमूल नारीवादले भने महिलाको उत्पीडनको मूल कारण पितृसत्तालाई मान्दछ । अमेरिकामा केट मिलेटको *सेक्सुअल पोलिटिक्स* (सन् १९७०) को प्रकाशनसँगै यस प्रकारको नारीवादी विचारधाराको प्रसार भएको मानिन्छ । यस कृतिमा मिलेटले भनेकी छन्– पितृसत्तामा महिलाको अवस्था सीमान्तीकृत देखिन्छ । उनीहरू अल्पसङ्ख्यक सरह रहेका देखिन्छन्, यद्यपि संख्याको हिसाबमा भने उनीहरू अल्पसङ्ख्यक हुँदैनन् (मिलेट, सन् २०००, पृ. ५५) । सुधारमा भन्दा क्रान्तिमा विश्वास राख्ने मिलेटले पितृसत्तामा नारीको शोषित पीडित अवस्थाको उजागर गरेकी छन् ।

परम्पराद्वारा निर्देशित समाजमा महिला घर परिवारभित्र तथा समाजमा पनि शोषित हुने गर्दछन् भन्ने मान्यता नारीवादले राखेको देखिन्छ । विशेषगरी सुधारभन्दा परिवर्तनमा विश्वास राख्ने आमूल नारीवादीहरूले महिलामाथिको पारिवारिक तथा सामाजिक शोषण एवम् उत्पीडनप्रति विद्रोह गरेको पाइन्छ । उनीहरूले विवाहलाई महिलाको पारिवारिक तथा सामाजिक शोषण गर्ने बलियो माध्यम मान्दछन् । यस सम्बन्धमा केट मिलेटले यस्तो धारणा राखेकी छन्– विवाहपश्चात् कानुनी रूपमा महिला र पुरुष एकीकृत भएको मानिए पनि त्यसले महिलाको पृथक अस्तित्वलाई भने निलम्बित गरेको हुन्छ । यस्तो अवस्थामा कानुनले महिलालाई एक्लै भएर काम गर्दा हिनताबोध हुने हुनाले बाध्यताबस पुरुषसँग सहकार्य गर्नुपर्ने अवस्थासम्म पुऱ्याएको हुन्छ (मिलेट, सन् २०००, पृ. ६८) । मिलेटका अनुसार विवाहले महिलालाई अस्तित्वविहीन बनाउँदै पुरुषसत्तालाई सबल बनाउने गर्दछ । यसै आधारमा आमूल नारीवादीहरू विवाहजस्तो सामाजिक परम्पराद्वारा महिलाका अधिकार पुरुषमा आबद्ध गर्ने तथा उनीहरूमाथि प्रत्यक्ष वा परोक्ष रूपमा शारीरिक वा मानसिक शोषण-दमन गर्ने गरिएकोमा त्यसप्रति विद्रोही देखिएका छन् । उनीहरू महिलाका खोसिएका अधिकार प्राप्तिलाई जोड दिन्छन् ।

समाजमा स्थापित धार्मिक तथा सांस्कृतिक मूल्य-मान्यताभित्र प्रायः महिलावर्ग विभेदित र उत्पीडित हुने गर्दछन् भन्ने धारणा नारीवादीहरूले राख्ने गर्दछन् । आमूल नारीवादी मेरी डेलीका धारणा तथा कार्यलाई महिला आधिकारिकताको पुनः प्राप्तिको संभावनासँग जोडेर हेरिने गरिन्छ । उनको महत्त्वपूर्ण पुस्तक *वियोन्ड द गड फादर : टुवार्ड अ फिलसफी अफ उमन्स लिबरेसन* (सन् १९७३) हो । यसमा उनले भगवान्‌लाई सबै पितृसत्ताहरूको प्रतिमानका रूपमा लिएकी छन् । उनका अनुसार जबसम्म यसलाई पुरुष र महिलाको चेतनाबाट निकाल्न सकिँदैन महिलाहरूको पूर्ण मानवका रूपमा सशक्तीकरण हुन सक्दैन (टङ, सन् १९८९, पृ. १०२) । संसारका सबैजसो धार्मिक तथा सांस्कृतिक मूल्यमान्यताहरू पुरुषद्वारा स्थापित भएका हुनाले यसमा महिलाको स्थान नगन्य देखिन्छ । त्यसैले धर्म-संस्कृतिका माध्यमबाट महिलावर्ग बढी प्रताडित हुने गर्दछन् ।

पितृसत्ताले महिलाको यौनिकतामाथि नियन्त्रण गर्नुका साथै उनीहरूको यौन शोषण गर्ने गर्दछ भन्दै नारीवादीहरू यसको विरोध गर्दछन् । विशेषगरी आमूल नारीवादीहरू महिलाको यौनिकताप्रति सचेत देखिनुका साथै उनीहरूमाथि हुने यौन शोषणप्रति विद्रोह गर्दछन् । यौनिकता सम्बन्धमा सर्वाधिक बहस आमूल नारीवादले गरेको देखिन्छ । यसले यौनका आधारमा लिङ्गको निर्धारण गरिनुलाई अमान्य ठान्दछ । अमेरिकामा केट मिलेटपछि सुलामिथ फायरस्टोन, मेरी डेली, एन्ड्रिया दोर्किन, अड्रे लर्डे आदिले पितृसत्ताभित्रको महिलाको यौनिकता सम्बन्धमा आ-आफ्ना विचार राखेका छन् । जैविकीय अवस्था र यौनिकताकै कारण महिलावर्ग सर्वाधिक उत्पीडित भएको मान्यता राख्ने आमूल नारीवादीहरू महिला पुरुषबिचको जैविकीय पुनरूत्पादन तथा मातृत्व सम्बन्धमा पनि नयाँ किसिमले सोच्नुपर्ने धारणा राख्दछन् । नारी र पुरुषबिचको वैवाहिक सम्बन्धका कारण नारीले सबैभन्दा बढी लैङ्गिक विभेद परिवारभित्रैबाट खेप्नुपरेको धारणा यसले प्रस्तुत गरेको देखिन्छ । यसले पितृसत्तालाई

नारीयौनिकता तथा मातृत्व अधिकार प्राप्तिको प्रमुख बाधक मान्ने गर्दछ । नारी परिवारभित्र नै सर्वाधिक विभेदग्रस्त तथा शोषित भएकी र परिवार तथा पति पत्नीको सम्बन्धभित्र लैङ्गिक विभेदमा परेको धारणा राख्दै आमूल नारीवादीहरूले विपरितलिङ्गी वैवाहिक सम्बन्ध निषेधका माध्यमबाट महिलामाथि हुने लैङ्गिक विभेद र उत्पीडन हटाउन सकिने धारणा अघि सारेको देखिन्छ

वर्तमानमा पितृसत्तालाई एउटा सामाजिक संस्थाका रूपमा लिइन्छ, जुन संस्थाभित्र महिला र पुरुषबिच अनेक विभेदकारी नीति नियमहरू बन्ने गर्दछन । पितृसत्ता भनेको परिवारको बुज्रुक पुरुषको सत्ता अथवा शासन हो भन्दै कमला भासीनले भनेकी छन्– यो एक यस्तो सामाजिक ढाँचा र रीतिरिवाजको व्यवस्था हो, जसअनुसार पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गर्दछ तथा दमन शोषण गर्दछ । (भासीन, सन् १९९८, पृ. ५) महिलामाथिको पुरुषको संस्थागत प्रभुत्व अर्थात् पितृसत्तामा सम्पत्तिको अधिकार, सामाजिक हैसियत, राजनैतिक शक्तिमा पहुँच आदि पक्षमा महिलाभन्दा पुरुषको बढी प्रभुत्व कायम रहेको हुन्छ ।

कमला भासिनले पितृसत्ताले महिलाको जीवनका विविध पक्षका साथै महिलाको प्रजनन् शक्ति तथा यौनिकता नियन्त्रण गर्ने कुरा उल्लेख गरेकी छन् । (भासिन, सन् १९९८, पृ. ६-११) यसअन्तर्गत महिलाको यौनिक अधिकार पनि महिलामा निहीत नभएर पुरुषको अधीनमा रहेको हुन्छ । विवाह, यौनचाहना तथा सन्तान उत्पादन आदि महिलाको भन्दा पुरुषको चाहनामा निर्भर हुने गर्दछ ।

## उत्तरवर्ती नारी-निबन्धमा अभिव्यक्त नारीवादी चिन्तन

चालिसको दशकमा नेपाली निबन्धमा पारिजातको उपस्थिति महत्त्वपूर्ण मानिन्छ तर उनका तीनवटै कृतिहरू संस्मरणका रूपमा रहेका छन् । त्यसपछि प्रकाशित नारीस्रष्टाका निबन्ध कृतिहरू यसप्रकार रहेका छन्– सुधा त्रिपाठीका *बादल, धर्ती र आस्थाहरू* (२०५०), *जीवनसूत्र र स्वप्नभाष* (२०५३), *सुट, टाई र सुँगुर* (२०५९) र *अमर सिर्जना* (२०६५), इन्दिरा प्रसाईको *प्रिय नरेन्द्र* (२०६१), हरिकला उप्रेतीका *गोर्खेलौरी* (२०६२) र *चड्कन* (२०७५), मोमिलाको *ईश्वरको अदालतमा आउटसाइडरको बयान* (२०६३), शारदा शर्माका *अग्निस्पर्श* (२०६३) र *समयको तस्विर* (२०७०), बाबा बस्नेतको नारी *प्रश्नै प्रश्न* (२०६३), झमक घिमिरेको *बेमौसमका आस्थाहरू* (२०६३), रजनी ढकालको *हत्केलामा असार उमारेर* (२०६४), गायत्री लम्सालका *कलेजमा क्यान्सर* (२०६६) र *भरपाई* (२०७४), वानीरा गिरिका *पर्वतको अर्को नाम पार्वती* (२०६७) र *जंगल जंगल* (२०६९), भवानी क्षत्रीको *आमाहरू* (२०६८), रञ्जुश्री पराजुलीको *स्वप्नस्पर्श* (२०७१), कुमारी लामाको *उज्यालो अन्धकार* (२०७१), अजिता सिंखडाको *रङ* (२०७७), अञ्जना वस्ती भट्टराईको *समय संवेग* (२०७८) आदि । उपर्युक्त निबन्ध कृतिहरूमध्ये सुधा त्रिपाठीको *अमर सिर्जना* वानीरा गिरिको *पर्वतको अर्को नाम पार्वती*, शारदा शर्माको *अग्निस्पर्श*, मोमिलाको *ईश्वरको अदालतमा आउटसाइडरको बयान*, बाबा बस्नेतको *नारी प्रश्नै प्रश्न*, भवानी क्षत्रीको *आमाहरू*, झमक घिमिरेको *बेमौसमका आस्थाहरू* निबन्ध कृतिहरूमा

नारीवादी चिन्तनको अभिव्यक्ति प्रवल देखिन्छ । रञ्जुश्री पराजुली, अजिता सिंखडा, अञ्जना वस्ती भट्टराईका निबन्धहरू तथा हरिकला उप्रेती र गायत्री लम्सालका हास्यव्यङ्ग्य निबन्धहरूमा पनि केही मात्रामा सो चिन्तनको अभिव्यक्ति भएको पाइन्छ । यहाँ नारी-निबन्धमा अभिव्यक्त नारीवादी चिन्तनको निरूपण यसप्रकार गरिएको छ–

### *पितृसत्तात्मक उत्पीडनको प्रस्तुति*

पितृसत्ता अर्थात् पुरुषको अधिपत्य समाजमा युगौँदेखि स्थापित भएको हो । यसअन्तर्गत निर्मित संस्कृतिभित्र नारी र पुरुषबिच अनेक विभेदका रेखा कोरिएका हुन्छन् । नारी र पुरुषका बिच शरीर संरचनाबाहेक अन्य भिन्नता नहुने भए पनि समाज तथा त्यसभित्र स्थापित पुरातन संस्कृतिले उनीहरूबिच अनेक भिन्नता एवम् विभेद सिर्जना गरेको हुन्छ । यही विभेदबाट महिलाहरू उत्पीडित हुने गर्दछन् । पितृसत्तात्मक मूल्यमान्यताले महिलालाई पुरुषको अधिनको वस्तु, दासी, भोग्या आदिका रूपमा हेर्ने गर्दछ । यसप्रकारको संस्कृतिभित्र नारी पिता, पति तथा पुत्रको अधिनमा रहनुपर्ने मान्यता देखिन्छ । अधिनताको यही संस्कृतिका कारण नारीहरू अनेक शारीरिक तथा मानसिक पीडा झेल्न बाध्य हुन्छन् । उनीहरूका यस्ता पीडाहरूको प्रस्तुति निबन्ध विधाका नारी स्रष्टाहरूले गरेका छन् ।

बाबा बस्नेतको निबन्ध कृति *नारी प्रश्नै प्रश्न*मा महिलाहरूले झेल्ने विभिन्न उत्पीडनलाई विषय बनाइएको छ । यसभित्रको निबन्ध 'मेरो लोग्नेले मलाई बलात्कार गर्छ' मा एउटी विवाहित युवती आफ्नै पतिद्वारा उत्पीडित भएको अवस्थाको प्रस्तुति रहेको छ । उसले झेलेको उत्पीडनलाई उसैको कथनमा यसरी प्रस्तुत गरिएको छ-

> म.... मूर्दाजस्तै ढलिदिन्छु । ऊ गिद्धझैँ ममा अधिपत्य जमाउँछ र अघाउन्जेल मेरो चेतनहीन शरीरको उपभोग गर्छ । दाह्रा किट्दै आँखा चिम्लन्छु । ऊ मेरो कोमल भावनाको हत्या गर्छ, मेरो अनिच्छामा सधैँ मलाई संभोग गर्छ । सुनेकी थिएँ, संभोगमा आनन्द त्यतिबेला मिल्छ जब पतिपत्नी दुवैको इच्छाले चाहना जन्माउँछ । मेरो पतिले त कहिल्यै मेरो इच्छा बुझ्ने प्रयत्नै गरेन । स्वास्नीमान्छेलाई धम्क्याएर, तर्साएर र जबरजस्ती गरेर आफ्नो बनाउन सकिन्न भन्ने कुरा अविवेकी पुरुषलाई के थाहा ?.... मदिराले गन्हाएको मुख र वासनात्मक डरलाग्दा आँखा लिएर बेला न कुबेला ममाथि झम्टिने उसको स्वरूप देख्दै म काँप्न थाल्छु अनि मलाई लाग्छ हो, बलात्कार भनेको यही हो .... मेरो लोग्नेले सधैँ मलाई बलात्कार गर्छ । (पृ. ४०)

पितृसत्तात्मक हाम्रो समाजमा असङ्ख्य महिलाहरू यसरी पति नामको पुरुषबाट पलपल प्रताडित भएका हुन्छन् र पनि उनीहरूले त्यसको प्रतिकार गर्न सक्दैनन् किनभने स्थापित संस्कृतिले सम्बन्धहरूभित्र पुरुषलाई नारीमाथि अत्याचार गर्ने छुट दिएको हुन्छ । नारी परिवार तथा समाज दुवैबाट पीडित हुन्छे तर पनि उसको कतै सुनुवाई हुँदैन किनकि समाजका मूल्य मान्यता पुरुषले

निर्माण गरेका हुनाले उनीहरूकै पक्षमा देखिन्छन् । यस्तै यथार्थको प्रस्तुति नारी स्रष्टाहरूले आफ्ना निबन्धमा गरेका देखिन्छन् ।

पितृसत्तात्मक सामाजिक संरचनाभित्र निर्मित लैङ्गिक विभेदका कारण पुरुषहरू स्वतन्त्र र उन्मुक्त हुन्छन् भने महिलाहरू दोहोरो-तेहोरो मार खेपिरहेका हुन्छन् । पुरुषका तुलनामा अत्यधिक श्रम गर्ने उनीहरूको श्रमको मूल्य हुँदैन । शिक्षा र सम्पत्तिको अधिकारबाट पनि उनीहरूलाई वञ्चित गराइएको हुन्छ । त्यसैले त्यस्ता महिलाहरू जहाँ गए पनि दुःखद नियति झेल्न बाध्य हुन्छन् भन्ने यथार्थको प्रस्तुति वानीरा गिरीको *पर्वतको अर्को नाम पार्वती* शीर्षकको निबन्धमा गरिएको छ । यसको एउटा अंश यस्तो छ-

> पार्वतीहरूका ढुङ्गे भाग्यमा दुर्भाग्यको अर्को रेखा पनि कुँदिएको हुन्छ- उनीहरू कहिल्यै नथाक्ने मानव-श्रम (Man Power) हुन् घर र माइतीको निम्ति । यिनीहरू बिहान हुनुअघि उठ्छन् । जाँतो, ढिकी गर्छन् । पानी भर्छन् । मालजाल हेर्छन् । गोबर-पानी गर्छन् । पकाउँछन् । खुवाउँछन् । बारी-बिरूवा हेर्छन् । बच्चा पनि पाउँछन् । हुर्काउँछन् । पार्वतीका शिवहरू उठ्छन् । बिँडी फुक्छन् । खान्छन् । तास खेल्छन् । तोङ्वा तान्छन् । गफ गर्छन् । भाङ तान्छन् । बच्चा पाउन मद्दत गर्छन् .... कहिलेकाहीँ पार्वतीहरू पर्वतसँगको मोहपाशबाट छुट्टिएर अलग्गिएर बस्न पनि खोज्छन् । रमणीय पर्वतीय वातावरणको कठोर ढुङ्गे जीवनबाट छुट्कारा लिन खोज्छन् तर ढुङ्गा जस्तै कठोर ललाटमा सुखका भाग्यरेखाहरू सहजै कहाँ खिँचिएका हुन्छन् र ? पर्वतबाट तल-तल झर्न खोज्दा उनीहरू अँध्यारा गल्लीहरूमा जाकिन पुग्छन् जहाँ शरीर बेचिने धन्दा गर्नुपर्छ उनीहरूले । श्रापित अप्सराझैँ हुन पुग्छन् उनीहरू । (पृ. ५३-५४)

जुनसुकै भौगोलिक एवम् सामाजिक/सांस्कृतिक परिवेशमा पनि महिला विभेदग्रस्त हुने कटु यथार्थलाई नारी निबन्धकारहरूले आफ्ना निबन्धमा उतारेका छन् । समाजमा स्थापित पुरुष श्रेष्ठताको संस्कृतिका कारण महिलाहरू यथास्थितिबाट माथि उठ्न सक्दैनन् । उनीहरू आफ्नो जीवनलाई अभिषप्त भोगाइ मान्दै जिउन बाध्य हुन्छन् । उनीहरूको बाध्यता, सहनशीलता अन्ततः असन्तुष्टि र विद्रोह बनेर विस्फोट हुन पुग्छ । विद्रोही बनेर उनीहरू आफ्नो अस्तित्व र पहिचानका लागि अग्रसर हुन बाध्य हुन्छन् । यसप्रकारको नारीवादी चिन्तनको अभिव्यक्ति पनि नारी लिखित निबन्धहरूमा पाइन्छ ।

### *यथास्थितिप्रति विद्रोह*

युगौँदेखि स्थापित पितृसत्तात्मक मूल्यद्वारा निर्धारण गरिएको नारीको स्थान तथा भूमिकाप्रति नारीवादी मान्यताले विमति राख्दछ । नारीवादी साहित्यमा यथास्थितिवादी नभएर विद्रोही नारीपात्र तथा सोही अनुरूपको भाव अभिव्यक्त गरिएको हुन्छ । यसै अनुसार निबन्धका नारी स्रष्टाहरूमा पनि स्थापित पुरातन मूल्यप्रति विमति देखिएको छ । नारीलाई हेर्ने परम्परागत दृष्टिकोण एवम् विभेदकारी विधि

व्यवहारप्रति उनीहरूका निबन्धमा विद्रोह पाइन्छ । यस्तो विभेदकारी मूल्य एवम् संस्कृतिको आलोचना अधिकांश नारी निबन्धकारहरूले गरेका छन् । सृष्टिको रचनामा नारी पुरुष दुवैको बराबरी भूमिका हुनाले समाजलाई गति दिन पनि दुवैको योगदान आवश्यक हुन्छ तर पनि पुरुष श्रेष्ठताको संस्कृति किन ? भन्ने जस्ता प्रश्न नारी निबन्धकारका अभिव्यक्तिमा पाइन्छ । यसै सन्दर्भमा बाबा बस्नेतको *नारी प्रश्नै प्रश्न*भित्रको निबन्ध 'कठै ! आइमाई मान्छे' को एउटा अंश यस्तो छ–

> यस्तो लाग्छ कुलको नाम राख्ने छोरा मात्रैले हो र कुलको नाक काट्ने छोरी मात्रैले हो ! कस्तो अचम्म, जति नै सच्चरित्रवान भई समाज र घर–माइतमा सङ्घर्षशील भूमिका निर्वाह गरेकी भए पनि 'कुल' र 'वंशमा' नारीको नाम जोडिँदैन । यद्यपि, समाजमा मुख देखाउन नहुने गरी कुकृत्य गर्दै हिँडेको छ भने पनि पुरुष मर्यादित बन्छ .... नकारात्मक कार्यहरू गरेको छ भने पनि उसलाई देउता ठानेर प्रथमतः पुज्नुपर्ने हाम्रो संस्कारले नै नारीको स्थान कमजोर तुल्याएको छ । (पृ.४३)

पुरुष श्रेष्ठताको संस्कृतिले जस्तोसुकै भए पनि पुरुष परिवार तथा समाजमा उच्च आसनमा स्थापित हुने अनि महिलाले जति राम्रो काम गरे पनि, ऊ जति योग्य भए पनि उसलाई पुरुषभन्दा तल्लो तहमा राख्ने सामाजिक व्यवहारप्रति निबन्धकारको विमति देखिन्छ । पौराणिक तथा ऐतिहासिक सन्दर्भमा महिमामयी अनेक नारीहरूको उपस्थिति भए पनि इतिहासले तिनलाई यथोचित सम्मान दिन नसकेको तितो यथार्थलाई पनि नारी निबन्धकारहरूले आफ्ना निबन्धका विषय बनाएका छन् । नारीको परिचय पुरुषका माध्यमबाट गराइने, पुरुषको छायामा नारीको महिमा–गरिमा ओझेलमा पारिने, महिलाहरूको योगदानको मूल्याङ्कन नगर्ने पूर्वाग्रही दृष्टिकोणप्रति नारी निबन्धकारहरू विद्रोही बनेका देखिन्छन् । यस्तो विद्रोही भावको एउटा उदाहरण झमक घिमिरेको *बेमौसमका आस्थाहरू* भित्रको 'आइमाई' शीर्षक निबन्ध हो । यसको एउटा अंश यस्तो छ–

> इतिहास जसरी लेखिनुपर्थ्यो त्यसको ठीक उल्टोसँग लेखियो । सीता, पार्वती, लक्ष्मी, सरस्वती जस्ता आइमाईहरूका बारेमा युगले धेरै पटक पढ्यो, लेख्यो तर उनीहरूको क्षमतालाई इतिहासले कहिल्यै सम्मान गरेन, गरे तापनि कसैकी पत्नीका रूपमा सम्मान गऱ्यो । त्यसो त गौतम बुद्धकी अर्धाङ्गिनी यशोधराका बारेमा युगले खोज्यो, उनको बुद्धत्वलाई के विश्वले देख्यो ? .... पुरुषत्वभित्र किचिएको नारीत्वको प्रश्न विश्वजगत्ले कसरी मूल्याङ्कन गऱ्यो (पृ. ४७) ?

नारी निबन्धकारहरू नारीको अस्तित्वलाई पुरुषसँग जोडेर मात्र स्वीकार गरिने परम्परागत मान्यताप्रति विद्रोही देखिएका छन्  । नारीको सीमान्तीकृत अवस्था उनीहरूलाई मान्य छैन । समाजको विविध पक्षमा हुने महिलामाथिका विभेदप्रति उनीहरूको असन्तुष्टि छ । कला–साहित्य, राजनीति आदि जस्ता विभिन्न क्षेत्रमा नारी विषयलाई मनोरञ्जन तथा हेयका रूपमा प्रस्तुत गरिएकोमा उनीहरू त्यसको

प्रतिवाद गर्न तयार देखिएका छन् । यतिसम्म कि नारीलाई गाली-गलौजको विषय समेत बनाइन्छ । भाषा-साहित्यका अनेक प्रसङ्ग, उखान-टुक्का आदिमा नारी विषयलाई त्यसरी प्रस्तुत गरेकोमा असहमति जनाउँदै भवानी क्षत्रीले *आमाहरू* कृतिमा 'नारीबिना गाली पनि बन्दैन' शीर्षकको निबन्ध लेखेकी छन् । सो निबन्धको एउटा अंश यस्तो छ-

> जब बुद्धिजीवीमा दरिएका, विद्वान्मा गनिएका, समाजलाई सभ्यताको सिँढी उकाल्ने, मान्छेहरूलाई अँध्यारोबाट उज्यालोतर्फ डोऱ्याउनेहरू नै आफ्ना लेखरचनालाई सिँगार्न महिलाहरूलाई अपमान गर्ने यस्ता खालका शब्दहरू, उखानटुक्का र भनाइहरू प्रयोग गर्छन् भने कोसँग परिवर्तनको आशा गर्ने होला ? ... लेखको विषय हुन्छ ठूलाठूला राजनीतिज्ञहरूको, मन्त्रीको, सदनको सांसदको तर त्यहाँ ल्याएर जोडिन्छ एउटा यस्तो उखान, जसले सिङ्गो महिला वर्गको अपमान गरिरहेको हुन्छ । यसबाट के देखिन्छ भने तुच्छभन्दा तुच्छ गाली गर्नुपर्दा नारीलाई जोड्नै पर्छ नत्र त्यो गाली गाली नै हुँदैन । (पृ. ७७)

समाजमा स्थापित पुरुष श्रेष्ठताको संस्कृतिमा पोषित पुरुषहरू जति नै पठित एवम् आफूलाई बौद्धिक वर्गमा राखे पनि उनीहरूका अभिव्यक्तिहरूमा नारीको स्थान निम्न नै देखिन्छ । यति मात्र होइन आफूलाई परिवर्तनका संवाहक ठान्ने विचारक तथा लेखकहरूले पनि नारीलाई गालीको, अपमानजनक अभिव्यक्तिको रूपमा प्रस्तुत गर्नु आफैमा लज्जाको विषय हो भन्ने यथार्थको उद्‌घाटन उनको यस निबन्धमा गरिएको छ ।

पितृसत्तात्मक समाजमा महिलाका लागि निश्चित घेराहरू बनाइएको हुन्छ । जो महिला आफूलाई पितृसत्ताले निर्धारण गरेको सीमाभित्र राख्न सक्छे ऊ आदर्श कहलाउँछे तर जसले आफूलाई एउटा स्वतन्त्र मानव ठानेर समाजमा पुरुष सरह हक अधिकार खोज्न थाल्छे उसलाई अपराधी जस्तो गरी हेरिन्छ । स्वतन्त्र उडान गर्न चाहने महिलाको पँखेटा काट्न समाजको विभेदकारी संस्कृतिले हर प्रयास गर्दछ । त्यसको डटेर सामना गर्ने नारीलाई विद्रोही मानिन्छ । यस्तै विद्रोही भावको निबन्ध हो मोमिलाको 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' । यसको एउटा अंश यस्तो छ-

> आज, तिम्रो ईश्वरको अदालतमा म मेरा आफ्नै स्वीकृत पृष्ठभूमि सहित उभिएकी छु । पितृसत्ताको सामाजिक नजरमा छोरीमान्छे भएर जिन्दगीलाई गजबसित मस्तसित हाँसेरै उत्सवमय बनाई बाँचेकोमा मलाई आज यसरी अपराधीका रूपमा यो अदालतको कठघरामा उभ्याइएको छ । तर केही छैन, म मेरा अपराधहरू सहर्ष स्वीकार गर्छु, जुन मेरा अपराधहरू गजबका छन्, बडो रोचक छन् । (पृ. ७६)

छोरीमान्छेले आफ्नो इच्छाअनुसार बाँच्न चाहेमा उसलाई सामाजिक अपराधी ठानेर अनेक मानसिक यातनारूपी सजायँ दिने पितृसत्तात्मक सामाजिक अदालतमा कैयौँ महिलाहरू प्रताडित छन् । यसो भए पनि सबैले त्यस्तो प्रतिवाद गर्ने क्षमता राख्दैनन् । जो अस्तित्वबोधी र विद्रोही हुन्छन्, उनीहरू प्रतिवाद गर्दै आफ्नो जीवन आफ्नै इच्छामा जिउँछन् । मान्छे त्यसरी नै बाँच्नुपर्छ जसरी ऊ बाँच्न चाहन्छ । नारी पनि मान्छे नै हो अतः ऊ पनि अरूको इच्छामा होइन, आफ्नै इच्छामा बाँच्नुपर्छ । यस्तै विद्रोही भाव यो निबन्धमा छ ।

उत्तरवर्ती निबन्धका नारी स्रष्टाहरू नारीप्रति उत्पीडनकारी संस्कृतिप्रति विद्रोही देखिएका छन् । उनीहरूका विद्रोही भावयुक्त निबन्धहरू परम्परागत समाज परिवर्तनको संवाहकका रूपमा पनि देखिएका छन् । त्यस्तो संस्कृतिमा परिवर्तन आवश्यक भएको विचार उल्लेख गर्दै उनीहरू आफ्ना निबन्धको माध्यमबाट नारीको अस्तित्व र पहिचानको खोजीतर्फ पनि अग्रसर देखिएका छन् ।

### *अस्तित्व र पहिचानको खोजी*

पितृसत्तात्मक सामाजिक/सांस्कृतिक मूल्यहरूले महिलालाई दोस्रो दर्जाको नागरिक बनाएकोमा नारीवादी चिन्तन यसका विरूद्ध उभिएको छ । यसले पुरुषको बराबरी स्थान नारीको पनि भएको मान्दछ । यसबाहेक कतिपय दृष्टिले नारी पुरुषभन्दा अग्रस्थानमा भएको धारणा पनि पछिल्लो समयका नारीवादी चिन्तकहरूले राखेका छन् । यसै मान्यताले साहित्यमा प्रभाव पारेपछि निबन्ध विधा पनि यसबाट अछुतो रहन सकेन । उत्तरवर्ती नेपाली निबन्धका नारी स्रष्टाहरू आफ्ना निबन्धमा नारीअस्तित्व र पहिचानका सबाल उठाउन सक्षम देखिएका छन् । पुरुषसँग आबद्ध भएर वा उनीहरूको सहकार्यमा मात्र नारी पूर्ण हुन्छे भन्ने पूरातन मान्यताका विरूद्ध नारी स्वयम् सिङ्गो अस्तित्व हो, समाजका हरेक पक्षमा उसको आफ्नै पहिचान हुन्छ भन्ने विचार यी निबन्धहरूमा अभिव्यक्त भएको पाइन्छ । राज्यद्वारा गरिएका प्रशासनिक एवम् कानुनी विभेद विरूद्ध सङ्घर्ष गरेर समानता प्राप्त गरे पनि सामाजिक विधि व्यवहारले महिलालाई आफ्नै अस्तित्व र पहिचानका साथ प्रस्तुत हुन नदिएको अवस्थाप्रति कतिपय निबन्धकारहरूको विमति देखिएको छ । महिलाको क्षमता, बौद्धिकता, व्यक्तित्व आदिजस्ता पक्षहरूलाई बेवास्ता गरी उसलाई नाम, थर अर्थात् पारिवारिक पृष्ठभूमि एवम् त्यसभित्रको आबद्धताका आधारमा हेरिने परम्पराप्रति नारी निबन्धकारहरू असन्तुष्ट देखिएका छन् । भवानी क्षत्रीको *आमाहरू* सङ्ग्रहका निबन्धहरूमा यसप्रकारको भाव अभिव्यक्त भएको पाइन्छ । 'एउटा नाम जनअदालतमा' शीर्षकको निबन्धको प्रस्तुत अंश यसको एउटा उदाहरण हो–

> म देशको नागरिकता प्राप्त नागरिक । न्याय–अन्याय छुट्याउने, उचनीच पर्गेल्ने विवेक पनि छ मसँग । त्यसैले देशको भाग्यको रेखा कोर्न भाग्यनिर्माताहरूलाई मत दिएर छान्ने अधिकार छ मलाई । बेला–बेला दुख्ने र रमाउने सबै जीवहरूमा हुने मन छ मसँग । खियाले छोपेको हुनसक्छ तर मान्छे मात्रले प्रयोगमा ल्याउने गरेको ज्ञानरूपी हतियारहरू पनि छन् मसँग । समय, परिस्थिति, आइपर्ने समस्याहरू कुल्चँदै जीवनलाई किनारामा लगाउन सक्ने

> क्षमता अडान अथवा एउटा मान्छेमा हुने, हुनुपर्ने सम्पूर्ण गुण-अवगुणहरू छन् मसँग । तर पनि नाम, थर र घर निर्धक्क मेरो भन्न सक्ने ठाउँ भने छैनन् । लौ भन्नुहोस् त म कुन वर्ग र जातको मान्छे हुँला ? (पृ. ४१)

महिलाले अविवाहित हुँदा माइतीको थर ठेगाना भन्नुपर्ने विवाहपश्चात् पतिको थर-ठेगाना ग्रहण गर्नुपर्ने परनिर्भर संस्कृतिप्रति यस निबन्धले विमति राखेको छ । महिलाको परिचय र मूल्याङ्कन उसको आफ्नै क्षमताका आधारमा हुनुपर्छ भन्ने पहिचानमुखी स्वर नारी-निबन्धहरूमा पाइन्छ । नारीलाई पुरुषको अर्धाङ्ग तथा सहानुभूतिको पात्र मान्ने पुरुषप्रधान संस्कृतिलाई हाम्रो साहित्यले पनि आत्मसात् गरिरहेको यथार्थप्रति नारी निबन्धकारहरू सहमत छैनन् । नारी स्वयम् सिङ्गो अस्तित्व हो त्यसैले उसले आफ्नो जीवनका सम-विषम दुवै परिस्थितिलाई शिरोधार्य गर्नुपर्दछ । कसैको दया र सहानुभूतिको पात्र बन्नु नै नारीको सबैभन्दा ठूलो कमजोरी हो । त्यसैले जस्तोसुकै परिस्थितिमा पनि आफ्नो अस्तित्वको लडाइँ छाड्न नहुने विचार पनि नारीका निबन्धहरूमा पाइन्छन् । यस दृष्टिले मोमिलाको निबन्ध कृति *ईश्वरको अदालतमा आउटसाइडरको बयान* सबल छ । यसभित्रका प्रायः निबन्धहरूमा नारी अस्मिता र पहिचानका सन्दर्भहरू आएका छन् । यसै सन्दर्भमा 'प्रकृति र कलाको रोमान्टिक मूर्च्छना' शीर्षकको निबन्धको प्रस्तुत अंश यस्तो छ–

> मलाई तिमीले दिएको प्रेमको यो दुःखद थकान, जसको छहारीमा म निदाउन चाहन्छु, जहाँ मलाई तिम्रो वेगवान रथले पुनः ठोक्कर दिनेछन्, मेरा भग्नावशेष सपनाहरू जुर्मुराउनेछन्, सम्भवतः पतकर बनेर सपनाहरू अझ छरिनेछन् । मलाई छलेर भागेका मेरा दुर्लभ आकाङ्क्षाहरूले डेरिडासँग सापेक्षिक अर्थ माग्नेछन् र म उसैका अगाडि विनिर्मित उभिनेछु सही ! ... तर म कसैको उपन्यासमा केबल दया र सहानुभूतिको पात्र बन्न चाहन्नँ, जसले मलाई अझ कमजोर बनाओस् । किनकि म आफूलाई मेरो सीमान्त उदासी र शून्यतामै विशिष्ट प्रेम गर्छु, सङ्घर्षको उत्कर्षविन्दुमा सम्पूर्ण भेट्न खोज्छु, जहाँ म मेरै अस्तित्वको ईर्ष्या बन्न सकुँ ... । (पृ. ८)

सुखापेक्षी हुनु अनि सङ्घर्षसँग डराउनुले महिलालाई सदा कमजोर बनाउने गर्दछ । लक्ष्यमा पुग्न कठिनभन्दा कठिन मार्गको पनि सामना गर्नुपर्ने हुन्छ । त्यसैले आफ्नो कमजोरी त्यागेर सङ्घर्षको यात्रामा अग्रसर भएमा मात्र महिला आफ्नो पृथक् पहिचान स्थापित गर्न सक्षम हुन्छन् भने विचारले नारी स्रष्टाका निबन्ध ओतप्रोत भएका देखिन्छन् । पुरातन मूल्य मान्यताले महिलाहरूका लागि कोरिदिएका केही सीमित र सहजबाटाहरूमा मात्र हिँडेर अनि पितृसत्ताले तोकिदिएको निश्चित सिमानामा रहेर नारीले आफ्नो अलग पहिचान बनाउन नसक्ने हुनाले ती सीमाहरू नाघेर आफ्नो मार्ग आफैले कोर्नुपर्ने विचार पनि नारी निबन्धहरूमा अभिव्यक्ति भएको पाइन्छ । शारदा शर्माको *अग्निस्पर्श* भित्रका निबन्धहरूमा पनि पहिचानमुखी स्वर देखिन्छ । यसको उदाहरण 'असुरक्षित कोख' निबन्ध हो । यसको एउटा अंश यस्तो छ–

कम्तीमा पनि समर्थ तथा सचेत स्वास्नीमान्छे स्वयम् के कुरामा स्पष्ट र दृढ हुनुपर्दछ भने हामी कुनै पनि किसिमले अर्काको स्वामित्वका वस्तु होइनौँ र हुँदैनौँ । सधै अर्काकै काँधमा चढेर मान्छे कहिल्यै स्वतन्त्र हुन सक्तैन । यस निम्ति आफू सबल र समर्थ हुनु आवश्यक छ .... मेरो चासो के मात्रै हो भने यस विषयमा हामीले सधै टालटुले औपचारिक समाधान मात्रै खोज्ने हो कि गम्भीर भएर समस्याको जरैदेखि उपचार थाल्ने हो ?

> गतिमान् सडकको मूल प्रवाहमा स्वतन्त्र भएर म पनि मिसिनेछु कुनै दिन र टुङ्गोतिर लाग्नेछु आफ्नै भरमा कुनै दिन, तिमीजस्तै म पनि मान्छे भएर हिंड्नेछु (पृ. ३८-३९) ।

एकातिर पुरुषप्रधान समाजका विभेदक रेखाहरूले महिलालाई स्वतन्त्र हुन नदिएको अवस्था, अर्कातिर महिला स्वयममा आफ्नो अस्तित्वबोध नहुनु ! यी दुवै कारणबाट महिलाले आफ्नो पृथक् पहिचान स्थापित गर्न नसकेको, यथार्थका बिचबाट नारी निबन्धकारहरूले आफ्नो स्वअस्तित्व र पहिचान खोजिरहेका देखिन्छन् । नारीले आफूभित्रको 'मान्छे' को पहिचान गरेर उसलाई 'मान्छे' हुन नदिने तत्त्वहरूसँग जुध्न अग्रसर हुनुले नै उसलाई पहिचानको मार्गमा अग्रसर गराउँदछ । सुधा त्रिपाठीका निबन्धहरूमा पनि नारी पहिचानको आवाज मुखरित भएको देखिन्छ । यसको उदाहरण हो *अमर सिर्जना* कृतिभित्रको 'अमर सिर्जना' निबन्धको प्रस्तुत अंश– "धिक्कार छ त्यो मस्तिष्कलाई जसले सृष्टिकर्ता ब्रह्मा भनेर एउटा पुरुषस्वरूपको कल्पना गऱ्यो । अनि अचम्म लाग्छ त्यो महामाताको अस्तित्व कसरी विस्मृत बन्न पुग्यो भनेर ।" (पृ. ८) संसारको सबैभन्दा महान् र अमर सिर्जना मान्छे हो । यसको सिर्जना नारीद्वारा हुन्छ । नारीले जीवन र मृत्युसँग जुध्दै अनगिन्ती कष्ट सहेर मान्छेको सृष्टि गर्ने यथार्थलाई चटक्क बिर्सेर हाम्रो परम्परागत मान्यताले ब्रह्मा अर्थात् एउटा पुरुषलाई सृष्टिकर्ता भनेकोमा निबन्धकारको चित्त बुझेको छैन । उनका अनुसार सृष्टिकर्ताको महिमामयी स्थान नारीले पाउनुपर्दछ । मातृकोख जसले संसारको सृष्टिलाई निरन्तरता दिएर अघि बढाएको छ त्यो गौरव गर्ने विषय हो । यस निबन्धमा आमा संसारको सबैभन्दा श्रेष्ठ शब्द हो भन्ने नारी गौरवका प्रसङ्ग छन् ।

## निष्कर्ष

उत्तरवर्ती चरणका नारी–निबन्धहरूलाई नारीवादी कोणबाट अध्ययन गरेपछि ती निबन्धहरूमा नारीवादी चिन्तन मुखरित भएको निष्कर्ष निकाल्न सकिन्छ । पराधीनताका साङ्लाहरू चुँडाएर स्वतन्त्र उडान गर्ने साहस र प्रयास जबसम्म हुँदैन तबसम्म कसैको पनि पहिचानको आकांक्षा पूर्ण हुन सक्दैन । नारीअस्तित्व र पहिचानको सन्दर्भमा पनि यही यथार्थ लागू हुन्छ । रातको अन्धकार छिचोलेपछि मात्र बिहान आउने यथार्थ जस्तै सङ्घर्ष र कठिनाइको यात्रा पार गरेपछि मात्र सफलताको गन्तव्य भेटिन्छ भन्दै महिलालाई आफ्नो पहिचानको यात्रामा लाग्ने प्रेरणा पनि नारीका निबन्धहरूमा पाइन्छ । नारी गर्वको विषय हो अतः आफूप्रति स्वयम् नारीले नै सर्वप्रथम गर्व गर्नुपर्छ । पुरुषप्रधान समाज

तथा संस्कृतिले त सदा नारीलाई पुरुषको प्रतिछायाका रूपमा हेर्न चाहन्छ र हेरिरहेको पनि हुन्छ । त्यो हेराइ र दृष्टिकोणमा परिवर्तन ल्याउनका लागि सर्वप्रथम नारी नै अग्रसर हुनुपर्दछ भन्ने अग्रगामी धारणा उत्तरवर्ती नेपाली निबन्धका नारी स्रष्टाहरूले राखेका छन् । उनीहरूका निबन्धमा पितृसत्तात्मक सामाजिक/सांस्कृतिक मूल्यद्वारा महिलाले झेल्ने उत्पीडनको प्रस्तुति, यथास्थितिप्रतिको विद्रोहका साथै अस्तित्व र पहिचानको खोजीका सन्दर्भहरू पाइन्छन् । यस्ता अग्रगामी सन्दर्भहरूको उठान गरेर नारी निबन्धकारहरूले स्थापित विभेदकारी मूल्य-मान्यतामा परिवर्तनको आवश्यकता बोध गरेका छन् । सीमान्तीकृत अवस्थामा रहेका नारीहरू स्वअस्तित्वबोध गर्दै केन्द्राभीमुख भएमा समाजमा स्थापित नारीद्वैषी मूल्यहरू भञ्जन हुँदै जाने विचार पनि उनीहरूले राखेका छन् । यो उत्तरवर्ती नारी-निबन्धको मूल प्राप्ति पनि हो ।

## सन्दर्भ सूची

इरेनवर्ग, मार्गरेट. (सन् १९१२). *विमिन इन प्रिहिस्ट्री.* (दोस्रो संस्क.). ब्रिटेन : बिटिस म्युजियम पब्लिकेसन्स्. ।

एन्गेल्स, फ्रेडरिख. (२०५६). *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति.* (अनु. राजेन्द्र मास्के, दोस्रो संस्क.). काठमाडौँ : प्रगति प्रकाशन ।

क्षत्री, भवानी. (२०६८). *आमाहरू.* काठमाडौँ : साझा प्रकाशन ।

गिरि, वानीरा. (२०६७). *पर्वतको अर्को नाम पार्वती.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

घिमिरे, झमक. (२०६३). *बेमौसमका आस्थाहरू.* काठमाडौँ : जलेश्वरी श्रेष्ठ ।

टङ, रोसम्यारी. (सन् १९८९). *फेमिनिस्ट थट.* बाउल्डर. सनफ्रान्सिस्को : वेस्टभ्यु प्रेस ।

त्रिपाठी, सुधा. (२०६५). *अमर सिर्जना.* काठमाडौँ : साझा प्रकाशन ।

बस्नेत, बाबा. (२०६३). *नारी प्रश्नै प्रश्न.* काठमाडौँ : नवीन कला मन्दिर ।

बुभायर, सिमोन दि. (सन् १९६५). *द सेकेन्ड सेक्स.* लन्डन : लो एन्ड ब्राइडन प्रिन्टर्स लिमिटेड. ।

भासीन, कमला. (सन् १९९८). *ह्वाट इज प्याट्रियार्की ?.* (दोस्रो संस्क.). न्यु देहली : कली फर विमिन ।

मोमिला. (२०६३). *ईश्वरको अदालतमा आउटसाइडरको बयान.* काठमाडौँ : माउन्टडिजिट पब्लिकेसन ।

मिलेट, केट. (सन् २०००). *सेक्सुअल पोलिटिक्स.* सिकागो : युनिभर्सिटि अफ इलिनोइज प्रेस सन् ।

शर्मा, शारदा. (२०७०). *अग्निस्पर्श.* (दोस्रो संस्क.). काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।